# चितवनलाई पहिलो पर्यटन गन्तव्य बनाउन के गर्नुपर्ला ?



भेषराज दुवाडी
उपाध्यक्ष, चितवन उद्योग सङ्घ

एक शताव्दी भन्दा पुरानो इतिहास वोकेको नेपाल र भारत सीमा सम्म फैलिएको नेपाली र भारती शासकहरूले घुमफिर,जङ्गल सफारी मनोरञ्जनका रूपमा सुरू भएको यस क्षत्रको पर्यटकीय विकास सुरू भएको देखिन्छ । पर्सा, चितवन र नवलपरासी लाई समेटेर चितवन लाई केन्द्रविन्दु बनाएर ९३२ वर्ग किलोमिटरमा फैलिएको चितवन राष्ट्रिय निकुञ्ज करिब ५० वर्ष अगाडि शाही चितवन राष्ट्रिय निकुञ्ज नामकरण गरी स्वदेशी तथा विदेशी पाहुनाहरूका लागि निकुञ्जभित्र खोलिएका होटलहरु बाट सुरू भएको जैविक पर्यटन समय र परि स्थिति अनुसार बिस्तारै निकुञ्ज बाहिर पनि फैलिन गई सौराहा लगायतका ठाउँहरूमा पर्यटन गतिविधि बढ्नुका साथै आन्तरिक पर्यटनको समेत सुमधुर विकास भइ रहेको छ । हाल आएर जगतपुर, मेघौली, नवलपरासी र चितवनका राजमार्ग क्षेत्रहरूमा पर्यटकीय गतिविधि दिन प्रतिदिन मौलाउन थालेको छ । नयाँ पर्यटकीय गन्तव्यहरूको खोजी र विकास समेत निरन्तर रूपमा अघि बढेको छ ।

चितवनमा धार्मिक, पुरातात्त्विक महत्त्व बोकेको सुन्दर नगरी हो । देवघाटधाम, वाल्मीकि आश्रम लगायत थुप्रै धार्मिक तथा लामो इतिहास बोकेका उपरदाङ गढी, सोमेश्वर गढी, कङ्कालीकोट, सिराइचुली कोट जस्ता पुरातात्त्विक महत्त्वहरू बोकेको स्थानहरू थुप्रै छन् । यी सबैको प्रचार प्रसार , विकास र यस्ता अझै कयौँको उन्मुलन गर्न सकिए धार्मिक तथा पुरातात्त्विक पर्यटनमा पनि फड्को मार्न सकिनेछ ।

चितवन पशुपालन तथा दुग्ध उत्पादन, माछा पालन, मौरी पालन र कुखुरा तथा अन्डाको देशकै प्रमुख उत्पादकका साथसाथै व्यावसायिक कृषिमा पनि फड्को मारेको छ । देशको ७५ प्रतिशत कुखुरा तथा अन्डा र कृषि उत्पादनहरू नेपालका प्रमुख सहरहरूमा बिक्री गर्ने गरेको छ । यसै कारणले स्वदेशी तथा विदेशी पर्यटकहरू आधुनिक व्यवसायको अवलोकन गर्न आउने हुनले कृषि पर्यटनमा ठुलो टेवा पुगेको छ । यसैकारणले यहाँका मानिसहरू विदेशभन्दा स्वदेशमै रही व्यावसायिक कृषि तथा पशु पालनतर्फ उत्प्ररित भएका छन् । व्यावसायिक कृषि तथा पशु पालनका कारणले गर्दा रामपुर क्यम्पसको आकर्षण बढेको छ र कृषि तथा पशुपालन व्यावसायिक हुनुमा रामपुर क्याम्पसको पनि प्रमुख देन छ ।

चितवनको सदरमुकाम भरतपुर हस्पिटलहरूको सहरको रूपमा पनि प्रख्यात छ । एसियाकै ख्याति प्राप्त विपी क्यान्सर हस्पिटल, सरकारी हस्पिटल तथा ठुला मेडिकल कलेज सहित थुप्रै प्राइभेट हस्पिटलहरूले नर्सिङ देखि एमबिबिएस हुँदै एम.डी.सम्मका जनशक्तिहरु उपलब्ध गराई देशकै शिक्षा तथा स्वास्थ्य स्थितिमा सुधार गरिरहेका छन् । स्वास्थ्य उपचारको सवालमा नेपाल भित्रका तथा छिमेकी राष्ट्रबाट समेत सर्वसुलभ र गुणस्तरीय उपचारका लागि चितवन आउने गरेका छन् । डाक्टर, इन्जिनियर, कृषि वैज्ञानिकदेखि केही समय पाइलट पनि चितवनकै शैक्षिक संस्थाहरूले जनशक्तिहरू उपलब्ध गराइ रहेका छन् जसले गर्दा शिक्षा क्षेत्रमा बाहिरिएको अत्यधिक रकमहरूलाई स्थानीय रुपमा परिचाल नगर्न सकेका छौँ । यी कुराहरूले गर्दा चितवनमा पर्यटनको भविष्य उज्ज्वल छ ।

चितवन राष्ट्रिय निकुञ्जमा मानव अतिक्रमण , जङ्गल फँडानी चोरी सिकारी , निकुञ्ज छेउछाउमा बस्ती विस्तार यी धेरै समस्याहरूले गर्दा निकुञ्ज व्यवस्थापन र जैविक पर्यटनमा प्रतिकूल असर पारेको छ । मानव बस्तीको निकुञ्ज छेउछाउमा अतिक्रमणले गर्दा वन्यजन्तुहरूको आवासीय क्षेत्रमा प्रभाव पर्न गई जङ्गलीजनावर त्यसको सिकार भएका छन् । यस्ता यस्ता समस्याहरूको समाधान गर्नका लागि जसरी पदमपुर गा.वि.स. लाई स्थानान्तरण गरे जस्तै हाल निकुञ्जभित्र रहेको माडी बस्तीलाई पनिउपयुक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ । चितवन राष्ट्रिय

निकुञ्जको दायरा फराकिलो पार्न घाँसे मैदानको विकास तथा वृक्षरोपण, तालतलैयाबाट सुसज्जित गर्नपर्ने देखिन्छ । संसारमै दुर्लभ रहेका वन्यजन्तुहरु हात्ती, पाटे बाघ, एकसिँगे गैँडा लगायत जनावरहरूका साथै दुर्लभ चराचुरूङ्गी संरक्षण गरी चोरी सिकारीको नियन्त्रण गरी यस निकुञ्जलाई आकर्षणको थलो बनाउन सकिन्छ । थारु जातिको बहुलता रहेको यस चितवन राष्ट्रिय निकुञ्जमा थारु संस्कृतिको उत्थान तथा संरक्षण गरी यसबाट आन्तरिक तथा बाह्य पर्यटनको वृद्धि गर्नु पर्ने देखिन्छ ।

नारायणी नदी लगायत साना-साना नदी र खोलाले जेलिएको चितवनलाई जल मार्ग वा जल सयरको पनि विकास गर्न सकिन्छ । नारायणी नदीबाट त्रिवेणीसम्म जलमार्ग बनाउने जसबाट त्रिवेणीदेखि देवाघाटसम्म जल सफर गराई सामान ढुवानी गर्नेदेखि धार्मिक पर्यटन क्षेत्र दुवैलाई ठुलो टेवा पुग्ने थियो । सामुदायिक वन र पिकनिक स्पोर्ट आदिको पनि राम्रो विकास भएका छन् । चितवनबाट काठमाडौँ, पोखरा, वीरगन्ज भैरहवा लगायत सहरहरूमा मेट्रो ट्रेन चलाउन सके र भरतपुर एयरपोर्टलाई क्षेत्रीय एयरपोर्ट बनाउन सके राम्रो  बाल उद्यान सहितको पार्क ठाउँठाउँमा बनाउन सके चितवन लाई राम्रो पर्यटक गन्तव्य बनाउन सकिन्थ्यो । सौराहा कसरा लगायतका ठाउँहरूमा निकुञ्जसँग सम्बन्धित **Indoor Zoo** लगायत ठुला ठुला आकर्षक पार्कहरू, त्यसमा हात्ती, गैँडा, बाघ जस्ता दुर्लभ जनावरहरूका **Statue** बनाएर चितवन तथा चितवन राष्ट्रिय निकुञ्जलाई अझै आकर्षित बनाउन सकिन्छ । काठमाडौँ राजधानी भएको कारणले मात्र पर्यटनको पहिलो गन्तव्य भएको छ, पोखरा ताल तलैयाहरु तथा हिम शिखरहरूको नजिक भएकै कारणले पर्यटनको गन्तव्य भएको छ, चितवनमा यस्ता धेरै कुराहरु छन् जसले गर्दा पर्यटकहरु आकर्षित हुन्छन् र अझै गर्न सकिने कुराहरु पनि धेरै छन् । माथि चर्चा गरिएका मध्ये केही कुराहरु मात्र थप गर्न सकेमा चितवन पर्यटनको पहिलो गन्तव्य बन्न सक्ने सम्भावना छ ।